काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २६ ❐ अंक : ५९ ❐ आइतवार, १३ मंसिर, २०८३ ❐ Sunday, 29 Nov 2026 ❐ नेपाल संवत ११४७ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०

१०औँ राष्ट्रिय खेलकुद

आर्मी र एपीएफ उपाधिनजिक, क्रिकेटमा बागमती र गण्डकीको जित

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १२ मंसिर

दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत विभिन्न खेलका प्रतिस्पर्धा जारी रहँदा महिला बास्केटबलमा नेपाली सेना र सशस्त्र प्रहरी बल (एपीएफ) क्लब फाइनलमा प्रवेश गरेका छन् । पुरुष फुटबलमा नेपाल पुलिस क्लब सेमिफाइनलमा पुगेको छ भने एपीएफसँग बराबरी खेलेपछि सुदूरपश्चिम प्रदेश प्रतियोगिताबाट बाहिरिएको छ । पुरुष क्रिकेटमा बागमती र गण्डकी प्रदेशले जित हात पार्दा महिला क्रिकेटमा सुदूरपश्चिमसहित चार टोली सेमिफाइनलमा पुगेका छन् ।

महिला बास्केटबलको फुल कोर्ट विधामा नेपाल आर्मी र एपीएफले फाइनलमा स्थान सुरक्षित गरेका छन् । शनिवार भएको पहिलो सेमिफाइनलमा आर्मीले नेपाल पुलिस क्लबलाई ४४-२८ अंकले पराजित गऱ्यो । आर्मीको जितमा अनिशा घलेले सर्वाधिक १३ अंक योगदान गरिन् । अर्को सेमिफाइनलमा एपीएफले सुदूरपश्चिम प्रदेशलाई ७४-१२ को फराकिलो अन्तरले हरायो । एपीएफको जितमा सोनी वाइबाले १७ अंक जोडिन् ।

महिला बास्केटबलकै थ्री अन थ्री विधामा कर्णाली प्रदेश र त्रिभुवन आर्मी क्लब फाइनलमा पुगेका छन् । कर्णालीले एपीएफलाई ११-१० अंकले पराजित गर्दै फाइनल यात्रा तय गर्दा आर्मीले बागमती प्रदेशलाई १५-४ ले हरायो । थ्री अन थ्रीमा फाइनल प्रवेश गरेसँगै कर्णालीले कम्तीमा एउटा पदक सुनिश्चित गरेको छ । दुवै विधाका फाइनल खेल आइतवार हुनेछन् ।



पुरुष फुटबलमा नेपाल पुलिस क्लबले गण्डकी प्रदेशलाई १-० गोलले पराजित गर्दै सेमिफाइनलमा स्थान बनाएको छ। पुलिसका लागि पहिलो हाफको अतिरिक्त समय ४६औं मिनेटमा सुजन बलाम्पाकी मगरले निर्णायक गोल गरे । पराजित गण्डकी प्रतियोगिताबाट बाहिरिएको छ।

यस्तै, एपीएफ क्लब र सुदूरपश्चिम प्रदेशबीचको खेल २-२ गोलको बराबरीमा सकिएको छ । खेलको सातौं मिनेटमा श्याम वादीले गोल गर्दै सुदूरपश्चिमलाई अग्रता दिलाएका थिए । एपीएफका गणेश पुलामीले १६औं मिनेटमा बराबरी गोल गरे भने अनिश क्षेत्रीले २६औं मिनेटमा गोल गर्दै टोलीलाई अग्रता दिलाए । दोस्रो हाफको ७२औं मिनेटमा सन्दीप सिंहले गोल गरेपछि खेल बराबरीमा टुंगिएको थियो। दुई खेलबाट एपीएफ सेमिफाइनलमा प्रवेश गर्दा सुदूरपश्चिम लिग चरणबाटै बाहिरिएको छ। यसअघि सुदूरपश्चिम मधेश प्रदेशसँग पराजित भएको थियो ।

पुरुष क्रिकेटमा बागमती प्रदेशले कोशी प्रदेशलाई ८४ रनले पराजित गर्दै प्रतियोगितामा विजयी सुरुवात गरेको छ । कालुन्चोक मैदानमा शनिवार भएको खेलमा टस जितेर पहिले ब्याटिङ गरेको बागमतीले २० ओभरमा तीन विकेट गुमाउँदै १७९ रन बनाएको थियो । बागमतीका रोशन झाले ६३ र रिनजिन लामाले ५७ रन बनाए । यी दुईले तेस्रो विकेटका लागि १३० रनको साझेदारी गरेका थिए ।

१८० रनको लक्ष्य बाँकी पृष्ठ ४

रास्वपाको प्रदेशस्तरीय प्रशिक्षण कर्णालीबाट सुरु, झोलाको सट्टा स्मार्ट फाइल अभियान

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १२ मंसिर

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले कर्णाली प्रदेशबाट औपचारिक रूपमा प्रदेशस्तरीय पार्टी प्रशिक्षण कार्यक्रम सुरु गरेको छ । शनिवार वीरेन्द्रनगरमा आयोजित प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्दै पार्टी सभापति रवि लामिछानेले राजनीतिक संस्कार परिवर्तन, पार्टीभित्र अनुशासन र कर्णालीको विकासलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै लामिछानेले नेपाली राजनीतिमा जरो गाडेको झोले संस्कृतिको अन्त्य गर्नुपर्ने बताएका छन् । उनले पार्टीका अधिवेशन तथा प्रशिक्षण कार्यक्रममा झोला वितरण गर्ने परम्परा अन्त्य गर्दै त्यसको विकल्पमा स्मार्ट डायरी तथा फाइल प्रयोग गर्ने अभियान सुरु गरिएको जानकारी दिए ।

झोलाको सट्टा स्मार्ट फाइल, प्रायोजन अस्वीकार

सभापति लामिछानेले राजनीतिक दलका कार्यकर्तालाई 'झोले' भन्दै होच्याउने प्रवृत्तिको अन्त्य गर्न पनि राजनीतिक दलहरूले आफ्नै व्यवहार र संस्कार बदल्नुपर्ने बताए । रास्वपाले अबका अधिवेशन तथा प्रशिक्षण कार्यक्रममा झोला वितरण नगर्ने नीति लिएको उनको भनाइ थियो ।

जनताका मुद्दा, गुनासा तथा सुझाव टिपोट गर्न झोलाको सट्टा स्मार्ट डायरी तथा फाइल प्रयोगमा ल्याइएको उनले बताए । पार्टीलाई एनजीओ, आईएनजीओ तथा बाह्य प्रायोजकको प्रभावबाट मुक्त राख्न फाइल खरिदमा कुनै पनि प्रकारको प्रायोजन नलिइएको उनले स्पष्ट पारे ।

उनले सहभागीहरूलाई आफैं फाइल खरिद गर्न र आर्थिक अवस्था कमजोर भएकालाई सहयोग गर्न आग्रह गरे । हुनेले किन्ने र नहुनेलाई हुने साथीले किनिदिने अभियान सुरु गरिएको उनको भनाइ बाँकी पृष्ठ ३

नेपाल सरकारको स्वास्थ्य बीमा योजना अब घरबाटै सजिलै लिन सकिने

⇨ स्वास्थ्य बीमा कार्यक्रममा सहभागी होऔं, समयमै स्वास्थ्य बीमा गरौं,
⇨ स्वास्थ्य बीमामा आबद्ध हुन अब कार्यालय धाइरहनु वा लाइन बसिरहनु पर्दैन, मोबाइल वा कम्प्युटरबाटै अनलाइन दर्ता गर्न सकिन्छ ।



दर्ताका लागि:
eportal.hib.gov.np
अथवा उल्लेखित QR Scan गरी गर्न सकिन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

राष्ट्रिय खेलकुदको उद्घाटन प्रधानमन्त्रीले गर्ने



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १२ मंसिर

दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको उद्घाटन प्रधानमन्त्री बालेन्द्र शाह 'बालेन'ले गर्ने भएका छन् । राष्ट्रिय खेलकुद परिषद्ले शनिवार सुर्खेतमा आयोजना गरेको पत्रकार सम्मेलनमा शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले यो जानकारी दिएका हुन् । 'प्रतियोगिताको उद्घाटनका लागि प्रधानमन्त्री आउनुहुन्छ' मन्त्री पोखरेलले भने, 'उद्घाटनको समय भने १४ गतेपछि मात्रै थाहा हुन्छ ।' उद्घाटनमा प्रधानमन्त्री आउने पक्कापक्की भएपनि समय बिहान वा दिउँसो भन्ने विषयमा यकिन नभएको मन्त्री पोखरेलको भनाइ छ । यसअघिका प्रतियोगिता राष्ट्रपतिबाट उद्घाटन गर्ने र प्रधानमन्त्रीबाट समापन गर्ने परम्परा थियो ।

यस्तै मन्त्री पोखरेलले कर्णालीमा राष्ट्रिय प्रतियोगिता गर्नु नै ठूलो उपलब्धि भएको बताए । 'पहिले राष्ट्रिय प्रतियोगिताहरू काठमाडौंमै हुन्थे, यसपालि कम्तीमा कर्णालीमा प्रतियोगिता भएको छ' फुटबलको सेमिफाइनल र फाइनल किन जुम्लामा खेलाउन थालिएको हो भन्ने पत्रकारको प्रश्नमा उनले भने, 'जुम्लाका नागरिकलाई पनि न्याय हुनेगरी एउटा खेलको फाइनल जुम्लामा गर्नु परेको हो ।' यस्तै उद्घाटनको मुख्य स्थलमा प्राविधिक पक्ष बाहेकका अन्य प्राविधिक कामहरू पूरा भएको छ । यही मंसिर १६ गते उद्घाटन हुने प्रतियोगिताका खेलहरू मंसिर ८ गतेदेखि नै सुरु भएका छन् । प्रतियोगितामा सहभागी खेलाडी, प्रशिक्षक र व्यवस्थापनका लागि आवास व्यवस्थापनलगायतका अन्य विषयमा कुनै कमी नरहेको आयोजको दाबी छ ।

सम्पादकीय

राष्ट्रिय खेलकुदले कर्णालीको सम्भावना उजागर गरोस्

कर्णाली प्रदेशमा जारी १०औं राष्ट्रिय खेलकुद प्रतियोगिता खेलाडीको प्रतिस्पर्धा र पदक जित्ने अवसरमा मात्र सीमित छैन । यो कर्णालीको खेलकुद क्षमता, पूर्वाधार, पर्यटन र समग्र पहिचान राष्ट्रियस्तरमा स्थापित गर्ने महत्त्वपूर्ण अवसर पनि हो । लामो प्रतीक्षापछि कर्णालीमा राष्ट्रियस्तरको प्रतियोगिता सञ्चालन हुनु आफैमा उपलब्धि हो । तर यसको वास्तविक सफलता प्रतियोगिता सम्पन्न हुनुमा मात्र नभइ यसले प्रदेशको खेलकुद क्षेत्रमा कस्तो दीर्घकालीन प्रभाव पार्छ भन्नेमा निर्भर रहनेछ ।

प्रतियोगिताका विभिन्न खेलमा देखिएको प्रतिस्पर्धाले खेलाडीको क्षमता र सम्भावना उजागर गरेको छ । क्रिकेटमा विभागीय टोलीको प्रभाव देखिँदा फुटबलमा आर्मीको निरन्तर जितले चर्चा पाएको छ । महिला बास्केटबलका दुई विधामा आठ टोली सेमिफाइनलमा पुग्नुले प्रतियोगिताको प्रतिस्पर्धात्मकता देखाएको छ । आयोजक कर्णालीका खेलाडीले पनि विभिन्न विधामा सहभागिता जनाउँदै आफ्नो क्षमता प्रदर्शन गरिरहेका छन् । यद्यपि, प्रतियोगितामा सहभागिता र प्रतिस्पर्धासँगै स्थानीय खेलाडीको क्षमता विकासमा विशेष ध्यान दिन आवश्यक छ ।

राष्ट्रिय खेलकुद आयोजना गर्नु ठूलो अवसरसँगै चुनौती पनि हो । प्रतियोगिताका लागि निर्माण तथा मर्मत गरिएका खेल पूर्वाधारलाई प्रतियोगिता सकिएपछि प्रयोगविहीन हुन दिनु हुँदैन । ती संरचनालाई नियमित प्रशिक्षण, विद्यालयस्तरीय प्रतियोगिता र स्थानीय खेलकुद गतिविधिको केन्द्र बनाउनुपर्छ । खेलाडी उत्पादन गर्न प्रशिक्षक, प्रशिक्षण सामग्री, खेलमैदान र नियमित प्रतियोगिताको व्यवस्था अपरिहार्य छ । कर्णालीमा प्रतिभाको कमी छैन, तर अवसर, सुविधा र निरन्तर प्रशिक्षणको अभाव छ । ग्रामीण तथा दुर्गम क्षेत्रका प्रतिभावान् खेलाडी पहिचान गर्ने कार्यक्रम सञ्चालन गर्न सके प्रदेशले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा आफ्नो उपस्थिति बलियो बनाउन सक्छ । यसका लागि प्रदेश र स्थानीय सरकारले बजेट, नीति तथा कार्यक्रममार्फत खेलकुदलाई प्राथमिकतामा राख्नुपर्छ ।

अर्कोतर्फ, ओलम्पिक टर्च तथा ट्रफी टुरले कर्णालीका धार्मिक, सांस्कृतिक र पर्यटकीय गन्तव्यलाई राष्ट्रियस्तरमा चिनाउने अवसर प्रदान गरेको छ । श्रीस्थानबाट सुरू भएको टर्च टुरलाई खेलकुदसँगै पर्यटन प्रवर्द्धनसँग जोड्न सकिन्छ । अतः १०औं राष्ट्रिय खेलकुदलाई औपचारिक कार्यक्रम र पदक वितरणमा मात्र सीमित नराखी कर्णालीको खेलकुद विकासको आधार बनाउनुपर्छ । प्रतियोगिताबाट प्राप्त अनुभव, पूर्वाधार र अवसरलाई संस्थागत गर्दै नयाँ पुस्तालाई खेलकुदमा आकर्षित गर्न सके मात्रै यसको सार्थकता पुष्टि हुनेछ ।

भारत भ्रमणको कूटनीतिक समीक्षा

आर्थिक सहायता हात लाग्यो, राष्ट्रिय सरोकार छुट्यो



✍ जनक शाह

प्रधानमन्त्री बालेन्द्र शाहको २२-२३ नोभेम्बर २०२६ को दुईदिने औपचारिक भारत भ्रमण नेपाल-भारत सम्बन्धका नियमित रूपमा स्थापित र तुलनात्मक रूपमा सहज मानिने विषयहरू-ऊर्जा, कनेक्टिभिटी, व्यापार, हवाई रुट तथा विकास सहायता-वरिपरि नै केन्द्रित रह्यो ।

भ्रमणका क्रममा भारतले पुनर्निर्माण तथा पूर्वाधारका लागि अनुदान र ऊर्जा क्षेत्रमा सहुलियतपूर्ण ऋणसहित कुल १५ हजार करोड भारु (करिब दुई खर्ब ४० अर्ब नेपाली रूपैयाँ) बराबरको प्याकेज घोषणा गऱ्यो भने भैरहवा-लखनउ हवाई रुटलाई दुईतर्फी बनाउने, बन्दरगाह पहुँच विस्तार गर्ने र 'विकसित भारत र समुन्नत नेपाल' को संयुक्त भिजन अघि बढाउने समझदारी बन्यो । तर, विगतमा कडा राष्ट्रवादी छवि बनाएका प्रधानमन्त्री बालेन्द्र शाह, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र वर्तमान सरकारका लागि यो भ्रमण कूटनीतिक परीक्षणमा खरो उत्रिन सकेन ।

कतिपय संवेदनशील, ऐतिहासिक र दीर्घकालीन राष्ट्रिय हितसँग जोडिएका एजेन्डाहरू औपचारिक वार्ता र ठोस निष्कर्षबाट बाहिर रहनुलाई विश्लेषक तथा सरोकारवालाहरूले गम्भीर कूटनीतिक कमजोरीका रूपमा हेरेका छन् । दुई प्रधानमन्त्रीबीच भएको 'वान अन वान' भेटवार्तामा के-कस्ता विषयमा छलफल भयो भन्नेबारे नेपाल र भारतका सञ्चारमाध्यम तथा कूटनीतिक वृत्तमा अनेक अड्कलबाजी भइरहेका छन्, तर नेपाल सरकार भने मौनप्रायः छ । यस भ्रमणमा छुटेका र सम्बोधन हुन नसकेका महत्त्वपूर्ण, संवेदनशील तथा रणनीतिक एजेन्डाहरूबारे यहाँ चर्चा गरिएको छः

छुटेका संवेदनशील र रणनीतिक एजेन्डा

सीमा विवाद (लिपुलेक, कालापानी, लिम्पियाधुरा): तयारीका चरणमा सीमाको विषय प्रमुखताका साथ उठ्ने चर्चा चले पनि भ्रमणको औपचारिक वार्तामा यो एजेन्डा पर्न सकेन । भारतीय विदेश सचिव विक्रम मिस्रीले समेत लिपुलेकबारे कुनै छलफल नभएको स्पष्ट पारे ।

विगतमा नक्सा र सीमा प्रश्नमा आक्रामक अडान राख्दै आएका प्रधानमन्त्रीले भ्रमणको वातावरण नबिग्रियोस् भनेर यो विषय पन्छाएको विश्लेषण भइरहेको छ । औपचारिक सहमति नबने पनि कम्तीमा नेपालको अडान र सरोकारलाई औपचारिक रूपमा दर्ज गराउने अवसर गुमेको देखिन्छ ।

- **ईपीजी प्रतिवेदन:** नेपाल-भारत प्रबुद्ध व्यक्ति समूह (ईपीजी) ले तयार पारेको प्रतिवेदन बुझ्न भारतले लामो समयदेखि आनाकानी गर्दै आएको छ । यो भ्रमणमा प्रतिवेदन अघि बढाउने ठोस पहल त भएन नै, उल्टै भारतीय पक्षले यसको सान्दर्भिकता समाप्त भइसकेको जस्तो कडा धारणा सार्वजनिक गऱ्यो ।
- **गोर्खा भर्ती:** भारतीय सेनामा नेपाली युवाको भर्तीसम्बन्धी विगतदेखि कायम अन्योल र मतभेद पनि दुई प्रधानमन्त्रीबिचको वार्ताको एजेन्डा बन्न सकेन ।
- **हिमाली जलवायु संयन्त्र:** प्रधानमन्त्री शाहले गत सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघको महासभामा नेपाल, भारत र चीनको सहभागितामा 'हिमालयन क्लाइमेट रेजिलियन्स मेकानिज्म' को प्रस्ताव अघि सारेका थिए । संयुक्त वक्तव्यमा जलवायु लचिलोपनको सामान्य उल्लेख देखिए पनि उक्त त्रिपक्षीय संयन्त्रले ठोस आकार पाउन सकेन । क्षेत्रीय साझेदारहरूसँग पूर्वपरामर्श र विश्वासको वातावरण नबनाई अन्तर्राष्ट्रिय मञ्चमा प्रस्ताव राख्दा त्यसले व्यावहारिक गति लिन नसकेको स्पष्ट देखिन्छ ।
- **प्रवासी नेपाली र दूतावास संवाद:** भ्रमणका क्रममा प्रधानमन्त्री नयाँ दिल्लीस्थित नेपाली दूतावास नपुगेको र प्रवासी नेपालीका प्रतिनिधिमण्डलसँग भेटघाट नगरेको विषय पनि आलोचित बन्यो । ज्ञापनपत्र बुझ्काउन खोजेका प्रवासी संघसंस्थाका माग नसुनिँदा र सचिवालयले 'बिजनेस-फोकस्ड' भ्रमणको तर्क दिँदा जनकूटनीतिक (पब्लिक डिप्लोमेसी) पाटो कमजोर देखियो ।

साझा राष्ट्रिय एजेन्डाको अभाव

भ्रमणअघि राष्ट्रपति, पूर्वप्रधानमन्त्रीहरू तथा प्रमुख प्रतिपक्षी दलहरूसँग व्यापक परामर्श गरेर साझा राष्ट्रिय दृष्टिकोण बनाउने अभ्यास कमजोर देखियो । आन्तरिक राजनीतिक सहमति र स्पष्ट रणनीतिक तयारीको अभावमा कुन विषयमा कस्तो अडान लिने र कुन सम्झौतालाई कति प्राथमिकता दिने भन्नेमा अस्पष्टता रह्यो ।

व्यवसायीका माग: प्रक्रियामा सीमित, समयसीमाविहीन

निजी क्षेत्रले भ्रमणबाट सबैभन्दा बढी अपेक्षा गरेका सन् २००९ को व्यापार सन्धि पुनरावलोकन र गैर-भन्सार अवरोध हटाउने विषय सरकारी एजेन्डामा समेटिएको भनिए तापनि ठोस टुङ्गोमा पुग्न सकेनन् ।

- **व्यापार सन्धि पुनरावलोकन:** सन् २०१८ यता प्राविधिक तहमा तीन चरण छलफल भइसकेको र नेपालले संशोधित मस्यौदा समेत बुझाइसकेको अवस्थामा नेपाल उद्योग वाणिज्य महासंघ (FNCCI) तथा नेपाल उद्योग परिसंघ (CNI) ले समयसीमा तोकेर पुनरावलोकन गर्न माग गरेका थिए । स्वदेशी मूल्य अभिवृद्धि (Value Addition) ३० प्रतिशतबाट घटाएर २० प्रतिशत कायम गर्ने, १६ वटा कृषि वस्तुलाई भन्सार-कोटा मुक्त गर्ने र भारतको सरकारी खरिद प्रक्रियामा नेपाली फर्महरूले समान अवसर पाउने मागमा कुनै समयबद्ध प्रतिबद्धता आएन ।
- **गैर-भन्सार अवरोध र निर्यात संकट:** ब्युरो अफ इन्डियन स्ट्यान्डर्ड्स (BIS) को प्रमाणीकरण प्रक्रिया लामो र झन्झटिलो हुँदा तथा नवीकरणमा ढिलाइ हुँदा सिमेन्ट, स्टिल, प्लाइबोर्ड, जुत्ता, स्यानिटरी प्याड, धागो र विद्युतीय तारको निर्यात नराम्ररी प्रभावित छ । तथ्याङ्कअनुसार गत वर्ष स्टिल निर्यात ६२.४३ प्रतिशतले घटेर ६ अर्ब १४ करोड रूपैयाँ र प्लाइबोर्ड निर्यात १८.८१ प्रतिशतले घटेर पाँच अर्ब ७६ करोड रूपैयाँमा सीमित भएको थियो ।
- **कृषि तथा जुटमा दबाब:** चिया, अलैंची र अदुवामा बारम्बार हुने प्रयोगशाला (ल्याब) परीक्षण र गुणस्तरसम्बन्धी अवरोधले गर्दा चिया निर्यात १३.३६ प्रतिशतले घटेर तीन अर्ब ९७ करोड रूपैयाँमा झरेको छ । त्यसैगरी जुटमा लगाइएको एन्टी-डम्पिङ शुल्कमा भएको भारी वृद्धि तथा सम्भावित काउन्टरभेलिङ ड्युटी (CVD) ले करिब ११ अर्ब रूपैयाँको जुट निर्यात र २० हजारभन्दा बढी किसानको जीविकालाई जोखिममा पारेको छ । स्टिलमा सेफगार्ड तथा प्लाइबोर्ड र दालचिनीको नियममा अचानक हुने परिवर्तनले पनि व्यवसायीहरूलाई थप अनिश्चितितामा धकेलेको छ ।

भ्रमणमा करिब ५२ जना व्यवसायी सहभागी भएर 'बिजनेस राउन्डटेबल' मा छलफल भएपनि संयुक्त वक्तव्यमा 'व्यापार, पारवहन र कनेक्टिभिटीमा सहकार्य' जस्ता परम्परागत र सामान्य वाक्यांश मात्र आए । व्यापार सन्धि कहिले टुङ्गिने, बीआईएस सहज हुने र जुटको शुल्क कहिले हट्ने भन्ने स्पष्ट समयसीमा तय हुन नसक्दा व्यवसायी जगत् निराश बन्न पुग्यो ।

नेपालको व्यापार घाटा उच्च स्तरमा रहेको (आयात र निर्यातबिचको फराकिलो अन्तर करिब नौ खर्ब ५१ अर्ब ९५ करोड रूपैयाँ नाघिसकेको) सन्दर्भमा निर्यात प्रवर्द्धन र व्यापार अवरोध निराकरणबिना बाह्य सहायता प्याकेजले मात्र दीर्घकालीन आर्थिक सन्तुलन कायम गर्न सक्दैन । आर्थिक सहयोग, ऊर्जा, रेल र बन्दरगाह कनेक्टिभिटीमा केही सहमति भए पनि सीमा, ईपीजी, गोर्खा भर्ती, व्यापार सन्धि, गैर-भन्सार अवरोध र जलवायु जस्ता संवेदनशील तथा संरचनात्मक विषयमा ठोस उपलब्धि नदेखिनुले यो भ्रमणलाई केवल शिष्टाचार भ्रमणका रूपमा 'सहज विषयमा सीमित, तर कूटनीतिक र व्यापारिक हिसाबले अपूरो' यात्राका रूपमा मूल्याङ्कन गर्न सकिन्छ ।

आईसीसी विश्वकप छनोट प्लेअफका लागि नेपालको १५ सदस्यीय टोली घोषणा



❒ काँक्रेविहार संवाददाता
काठमाडौं, १२ मंसिर

आईसीसी पुरुष क्रिकेट विश्वकप छनोट प्लेअफ २०२६ का लागि नेपाल क्रिकेट संघ क्यानले १५ सदस्यीय राष्ट्रिय टोली घोषणा गरेको छ ।

डिसेम्बर ४ देखि २१ सम्म सञ्चालन हुने प्रतियोगिताका लागि सन्दीप लामिछानेको कप्तानीमा नेपाली टोली घोषणा गरिएको हो ।

टोलीमा कप्तान लामिछानेसहित आसिफ शेख, अर्जुन कुमाल, ईशान पाण्डे, देव खनाल, कुशल भुर्तेल, राशिद खान, रोहित पौडेल, दीपेन्द्रसिंह ऐरी, गुल्शन झा, बासिर अहमद, करण केसी, नन्दन यादव, ललितनारायण राजवंशी र अभिषेक गौतम छन् ।

किमको चीन भ्रमणबारे दक्षिण कोरियाको निगरानी

❒ काँक्रेविहार संवाददाता
सियोलै, १२ मंसिर

उत्तर कोरियाली नेता किम जोङ उनको सम्भावित चीन भ्रमणबारे दक्षिण कोरियाको गुप्तचर निकायले निगरानी बढाएको छ । दक्षिण कोरियाली सञ्चारमाध्यमका अनुसार चिनियाँ राष्ट्रपति सी जिनपिङले यसै महिना दक्षिण कोरियाली राष्ट्रपति ली जे म्युङसँगको भेटमा किमको चीन भ्रमण हुन सक्ने संकेत गरेका थिए ।

दक्षिण कोरियाली प्रसारक केबीएसले कूटनीतिक स्रोतलाई उद्धृत गर्दै चीनको सीमावर्ती सहर डान्डोङमा किमको सम्भावित भ्रमणको तयारीस्वरूप आपत्कालीन आदेश जारी गरिएको जनाएको छ । किमले गत अक्टोबरमा पनि उक्त सहरको अघोषित एकदिने भ्रमण गरेका थिए । दक्षिण कोरियाको जासुसी निकायले शनिबार विभिन्न घटनाक्रमलाई नजिकबाट नियालिरहेको बताएको छ ।

तर, राष्ट्रपति कार्यालयले सीले किमको भ्रमणबारे केबीएसले उल्लेख गरेअनुसारको कुरा नगरेको स्पष्ट पार्दै उत्तर कोरिया-चीन सम्बन्धको निगरानी भइरहेको जनाएको छ । चीन उत्तर कोरियाको सबैभन्दा ठूलो व्यापारिक साझेदार तथा प्रमुख कूटनीतिक, आर्थिक र राजनीतिक सहयोगी हो ।

संयुक्त राष्ट्रसंघको प्रतिबन्धका बाबजुद उत्तर कोरियाले आफ्नो आणविक कार्यक्रमलाई निरन्तरता दिँदै आफूलाई आणविक हतियार सम्पन्न राष्ट्रका रूपमा स्थापित गर्ने प्रयास गरिरहेको छ ।

रास्वपाको...

थियो । सोही क्रममा लामिछानेले आर्थिक अवस्था कमजोर भएका कम्तीमा १० जना सहभागीका लागि आफ्नै खर्चमा फाइल खरिद गरिदिने घोषणा गर्दै त्यसका लागि कोषाध्यक्षलाई रकम हस्तान्तरण गरेका थिए ।

भोट नदिए पनि कर्णालीको विकास प्राथमिकतामा

कर्णालीमा रास्वपाको चुनावी नतिजा तथा प्रतिनिधित्व अन्य प्रदेशको तुलनामा कमजोर रहेको स्वीकार गर्दै लामिछानेले विकासका सवालमा राजनीतिक सौदाबाजी नगर्ने प्रतिबद्धता व्यक्त गरे । उनले कर्णालीले रास्वपालाई मत नदिए पनि वा प्रतिनिधि नपठाए पनि पार्टी सरकारमा रहुन्जेल प्रदेशको विकास र यहाँका नागरिकका मुद्दा प्राथमिकतामा रहने बताए ।

'कर्णालीले एक भोट पनि नदिओस् वा एक जना पनि प्रतिनिधि नपठाओस्, रास्वपा सरकारमा रहुन्जेल कर्णाली सधैं प्राथमिकतामा रहनेछ,' उनले भने, 'हामी भोटसँग विकास साट्ने सौदाबाजी गर्न आएका होइनौं, चोखो मनले यहाँका मुद्दा सम्बोधन गर्न आएका हौं ।' विगतका सशस्त्र विद्रोहका कारण कर्णालीले भोग्नुपरेको पीडा स्मरण गर्दै उनले रास्वपाले रगत नबगाई 'निलो क्रान्ति' मार्फत शान्तिपूर्ण विद्रोह गरिरहेको बताए ।

कार्यकर्ताको घेरा तोडेर नागरिकसँग संवाद गर्ने

नेताहरू सधैं कार्यकर्ता र समर्थकको घेरामा रहने, फोटो खिचाउने र त्यसैका आधारमा राजनीतिक अवसर खोज्ने प्रवृत्तिको पनि लामिछानेले आलोचना गरे । उनले आफू कुनै नेता वा कार्यकर्ताको साथ नलिइ दैलेख आसपासका बस्तीमा पुगेर नागरिक सँग प्रत्यक्ष संवाद गर्ने कार्यक्रम रहेको जानकारी दिए । 'मलाई भिड र फोटोको लोभ छैन, म नेताहरूबाट होइन, सोझै जनताबाट घेरिन चाहन्छु,' उनले भने ।

प्रशिक्षणमा मोबाइल प्रयोगमा कडाइ

प्रशिक्षण कार्यक्रमको मुख्य आधार अनुशासन भएको उल्लेख गर्दै लामिछानेले सहभागीहरूलाई हलभित्र प्रवेश गरेपछि मोबाइल फोन पूर्ण रूपमा बन्द गर्न निर्देशन दिएका छन् ।

पार्टीको आन्तरिक गोपनीयता र प्रशिक्षणबाट हुने सिकाइको गम्भीरतालाई ध्यानमा राख्दै अबका बैठक तथा प्रशिक्षण कार्यक्रममा आयोजकको अनुमतिबाहेक मोबाइल फोन प्रयोग गर्न नपाइने व्यवस्था लागू गरिएको उनले जानकारी दिए । उनका अनुसार पार्टीका आगामी प्रशिक्षण तथा बैठकहरूमा पनि यही अनुशासन लागू गरिनेछ ।

विस्थापित परिवार चार वर्षदेखि टेन्टमा

काँक्रेविहार संवाददाता
डडेलधुरा, १२ मंसिर



डडेलधुराको आलीताल गाउँपालिका-१, मालागाउँ र भोकागाउँका २४ परिवार चार वर्षदेखि अस्थायी टेन्टमा बस्न बाध्य छन् । पहिरोका कारण २०७९ सालमा विस्थापित भएकाहरूको अहिलेसम्म पुनर्स्थापना हुन सकेको छैन ।

बस्ती पहिरोको जोखिममा परेपछि विस्थापित परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने प्राविधिक अध्ययनले निष्कर्ष निकालेको थियो तर सरकारी प्रक्रिया अघि बढ्न नसक्दा उनीहरू बर्सौदेखि अस्थायी टेन्टमा बसिरहेका छन् ।

पुनर्स्थापनाको आश्वासन पाएको लामो समय बितिसक्दा पनि स्थायी आवासको टुङ्गो नलागेपछि प्रभावित परिवारको दैनिकी कष्टकर बनेको छ । हिउँद सुरु भएसँगै चिसो बढ्न थालेको भएपनि आफूहरू जीर्ण टेन्टमा बसिरहेको बाढीपीडित देवी औजीले दुःखेसो पोखे । खानेपानी, शौचालय, विद्युत र स्वास्थ्यसेवा जस्ता आधारभूत सुविधाको अभावमा कठिन जीवन बिताइरहनु परेको उनी बताउँछन् । २०७९ सालको बर्खायाममा पहिरोका कारण मालागाउँको जमिनमा चिरा परेपछि बस्ती बस्न जोखिमपूर्ण बनेको थियो ।

प्राविधिक अध्ययनपछि बस्ती नै स्थानान्तरण गर्नुपर्ने निष्कर्ष निकालिएसँगै २४ परिवार गाउँपारि रहेको बस्ती भन्ने स्थानमा अस्थायी रूपमा बस्न थालेको हो । मालागाउँका दानबहादुर औजीले पुनर्स्थापनाको आश्वासन पाएको लामो समय बितिसक्दा पनि समस्या समाधान नभएको बताए । 'पहिला दिएको त्रिपाल नै अहिले कुहिन थालेको छ । पानी चुहिन्छ,' उनले भने, ' खानेपानीको व्यवस्था छैन । खाद्यान्न किन्न पनि गाह्रो छ । काम केही पाइँदैन, परिवार पाल्नै मुस्किल भइरहेको छ ।'

स्थानीय सुनिता औजी छ जनाको परिवारसहित चार वर्षदेखि टेन्टमै बस्दै आउनुभएको छ । पहिरो गएको दिनदेखि नै सुरक्षित आवासको प्रतीक्षामा रहेकी उहाँको परिवारले अहिलेसम्म पुनर्स्थापना पाउन सकेको छैन ।

पहिरोपछि विभिन्न सरकारी निकाय तथा बहुउद्देश्यीय विकास समाज (एमपिडिएस) र ग्रामीण महिला विकास तथा एकता केन्द्र (रुडुक) लगायतका संस्थाले त्रिपाल तथा राहत सामग्री उपलब्ध गराएका थिए । तत्कालीन राहतले केही सहज भएपनि दीर्घकालीन व्यवस्थापन हुन नसक्दा प्रभावित परिवारको समस्या यथावत् रहेको छ ।

डडेलधुराका सहायक प्रमुख जिल्ला अधिकारी चन्द्रबहादुर रोकायाले विस्थापित परिवारलाई गाउँपालिकाभित्रकै सुरक्षित स्थानमा स्थानान्तरण गर्ने निर्णय भइसकेको जानकारी दिए । उनका अनुसार विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिले २४ परिवारको पुनर्स्थापनाका लागि स्वीकृति दिएको छ ।

गृहमन्त्री सुधन गुरुङको अध्यक्षतामा बसेको समितिको बैठकले दुवै गाउँका विस्थापित परिवारलाई गाउँपालिकाभित्रकै सुरक्षित स्थानमा सार्ने निर्णय गरेको थियो । आधिकारिक रूपमा प्रशासनमा पत्र प्राप्त भएपछि आवश्यक प्रक्रिया अघि बढाइने सहायक प्रमुख जिल्ला अधिकारी रोकायले बताए ।

एउटै गाउँमा आठ सय क्विन्टलभन्दा बढी सिमी उत्पादन



काँक्रेविहार संवाददाता
हुम्ला, १२ मंसिर

खेतीको बढी सम्भावना भएको हुम्ला जिल्लाको एउटै गाउँमा आठ सय क्विन्टलभन्दा बढी सिमी उत्पादन भएको छ । आम्दानीको राम्रो माध्यम हुन थालेपछि किसानहरूले सिमी खेती विस्तार गरेका हुन् ।

जिल्लाकै घना बस्तीका रूपमा परिचित सिमकोट गाउँपालिका-१ र २ को ठेहे गाउँका किसानहरूले आठ सय क्विन्टल ४० केजी सिमी उत्पादन गर्न सफल भएको उक्त वडा नम्बर २ का वडा अध्यक्ष देवजङ बोहराले बताए । हालसम्म उक्त गाउँमा सिमीको व्यासायिक खेती सुरु गरिएको थिएन ।

दुई वर्षयता खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले हुम्लाको रैथाने बालीका रूपमा सिमी खरिद गर्न थालेपछि किसानले यसको खेतीसमेत वृद्धि गरेका हुन् । हाल हुम्लामा सिमी प्रतिकेजी दुई सय रूपैयाँ पर्ने गर्छ । यस हिसाबले एक करोड ६८ लाख रूपैयाँको सिमी उत्पादन ठेहे गाउँमा मात्र भएको उहाँको भनाइ छ । ठेहे गाउँमा ५६० घरधुरी छन् ।

एउटा घरधुरीले एक क्वीन्टल ५० केजी सिमी उत्पादन गरेका किसान जय भण्डारीले बताए । एउटा घरधुरीले कम्तीमा पनि ३० हजार रूपैयाँ कमाइ गर्न सफल भएको बताउँदै उहाँले सिमी खेती आम्दानीको राम्रो स्रोतका रूपमा देखिएको बताए । उच्च क्षेत्रको सिमी उत्पादन हुने भएको कारण स्वादिष्ट हुने भएकोले लिमीटेडले खरिद गरेको सिमी सिधैं काठमाडौं लग्ने गरिन्छ ।

व्यक्तिगत रूपमा पनि व्यापारीहरूले हुम्लाको सिमी खरिद गरेर लग्ने गरेका छन् । यसअघि किसानले उत्पादन गर्ने सिमी उपभोगका लागि मात्र प्रयोग हुने गर्दथ्यो ।

दलित बस्तीमा बिजुली विस्तार अलपत्र

काँक्रेविहार संवाददाता
दैलेख, १२ मंसिर

जिल्लाको नौमुले गाउँपालिका-६ स्थित नाउली दलित बस्तीमा बिजुली विस्तार योजना अलपत्र परेको छ । करिब दुई वर्षअघि विद्युत पहुँच पुऱ्याउने योजना भएपनि कम्पनीले ढिलाइ गर्दा योजना अलपत्र परेको हो ।

बिजुली विस्तारका लागि केही स्थानमा पोल गाडिए पनि तार जडान र विद्युत प्रवाहको काम अधुरै हुँदा स्थानीयवासी अन्धकारमा बस्न बाध्य भएका छन् । स्थानीयका अनुसार करिब दुई वर्षअघि विद्युत विस्तारका लागि बस्तीमा पोल ल्याइएको थियो तर समयमै काम नहुँदा सुविधाबाट वञ्चित हुनु परेको नौमुले गाँउपालिका-६ का स्थानीय दीपेन्द्रविक्रम सुनारले बताए । उनले बिजुली नहुँदा रेडियो सुन्न, विद्यार्थीलाई पठनपाठनमा समस्या भएको बताए । उनले विद्युत विस्तारको अधुरो काम तत्काल सम्पन्न गरी बस्तीमा विद्युत सेवा सञ्चालन गर्न सम्बन्धित निकायसँग माग गर्ची । पोल गाड्दैमा विकासको काम पूरा नहुने भन्दै आवश्यक तार जडान गर्न, विद्युत प्रवाहको प्रक्रिया अघि बढाउन स्थानीयले आग्रह गरेका छन् । नेताले निर्वाचनका बेला मात्रै आश्वासन दिने गरेकाले नागरिकका आधारभूत आवश्यकता पूरा गर्न जनप्रतिनिधिले जिम्मेवारीपूर्वक काम गर्नुपर्ने उनीहरूको माग छ ।

यता नौमुले गाउँपालिकाका अध्यक्ष छविराम सुवेदीले ठेकेदार कम्पनीले समयमै काम नगर्दा विद्युत सेवा विस्तारमा ढिलाइ भएको बताए । उनले करिब दुई वर्षअघि विद्युत विस्तारको काम सुरु भएपनि पछिल्लो समय निर्माण अलपत्र परेको जानकारी दिए । पालिकाले पटक-पटक निर्माण कम्पनीलाई काम अघि बढाउन ताकिता गरे पनि काम सुरु नभएको उनले बताए । नाउली बस्तीका करिब ३० घरधुरीसहित नौमुलेका विद्युत सेवा पुग्न बाँकी रहेका वडामा समेत विद्युत सेवा विस्तारका लागि पालिकाले पहल गरेको अध्यक्ष सुवेदीले उल्लेख गरे ।

बिचमा तार व्यवस्थापनमा समस्या आएका कारण निर्माण कार्यमा ढिलाइ भएको निर्माण व्यवसायी प्रतीक पौडेलले बताए । उनले यसै सातादेखि निर्माण सुरु गर्ने जानकारी दिए ।

ओलम्पिक टर्च तथा ट्रफी टुरलाई जुम्लामा स्वागत

काँक्रेविहार संवाददाता
जुम्ला, १२ मंसिर



दसौं राष्ट्रिय खेलकुद प्रतियोगिताको ओलम्पिक टर्च तथा ट्रफी टुर शनिवार जुम्ला पुगेको छ । दैलेखको श्रीस्थानबाट सुरु भएको टर्च तथा ट्रफी टुर जुम्ला हुँदै मुगुको रारातालमा पुगेको हो ।

ओलम्पियन तथा खेलकुद क्षेत्रका दिग्गज खेलाडी सम्मिलित टोलीलाई जुम्लावासीले भव्य स्वागत तथा सम्मान गरेका छन् । टोलीमा गिनिज बुक अफ वर्ल्ड रेकर्डमा नाम लेखाउन सफल अन्तर्राष्ट्रिय धावक हरिबहादुर रोकाया, ओलम्पियन देबु थापा, दीपक श्रेष्ठ, दीपक विष्ट र मण्डेकाजी श्रेष्ठलगायत खेलाडी सहभागी छन् ।

जिल्ला खेलकुद विकास समिति जुम्लाका प्रमुख कविदत्त न्यौपानेका अनुसार दसौं राष्ट्रिय खेलकुद प्रतियोगिताको प्रचारप्रसार गर्नुका साथै खेलकुदप्रति आम नागरिकमा उत्साह र जागरण पैदा गर्ने उद्देश्यले टर्च तथा ट्रफी टुर सञ्चालन गरिएको हो ।

जुम्ला पुगेको टोलीले प्रसिद्ध धार्मिकस्थल चन्दननाथ भैरवनाथ मन्दिरको दर्शन गर्नुका साथै पुरुष फुटबल प्रतियोगिताको सेमिफाइनल र फाइनल खेल सञ्चालन हुने २४ नम्बर बाहिनी अड्डाको खेलमैदानसमेत अवलोकन गरेको छ ।

त्यसपछि टोली मुगुको प्रसिद्ध पर्यटकीयस्थल रारातालतर्फ प्रस्थान गरेको न्यौपानेले बताए । कर्णाली प्रदेशमा आयोजना हुन लागेको दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको प्रचारप्रसारका लागि दैलेखको धार्मिक तथा पर्यटकीयस्थल श्रीस्थानस्थित अखण्ड प्राकृतिक ज्वालाबाट ओलम्पिक टर्च प्रज्वलन गरी टर्च तथा ट्रफी टुर सुरु गरिएको हो ।

कर्णाली खेलकुद विकास परिषद्का सदस्यसचिव रविन चन्दले श्रीस्थानको प्राकृतिक ज्वालाबाट प्रज्वलित टर्च म्याराथन धावक हरिबहादुर रोकायालाई हस्तान्तरण गरेका थिए ।

रोकायाले टर्च ग्रहण गरेसँगै दैलेखबाट टर्च तथा ट्रफी टुरको औपचारिक यात्रा सुरु भएको थियो । टर्चसहित दैलेख सदरमुकाममा ज्यालीसमेत निकालिएको थियो ।

राष्ट्रिय खेलकुद परिषद्को आयोजनामा सञ्चालन भइरहेको टर्च तथा ट्रफी टुरले दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको प्रचारप्रसारसँगै कर्णाली प्रदेशको ऐतिहासिक, धार्मिक तथा पर्यटकीय पहिचानलाई राष्ट्रियस्तरमा चिनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

श्रीस्थानको प्राकृतिक ज्वालाबाट टर्च प्रज्वलन गरी खेलकुद अभियान सुरु गरिनुलाई कर्णालीको मौलिक धार्मिक तथा प्राकृतिक सम्पदालाई राष्ट्रिय खेलकुदसँग जोड्ने महत्त्वपूर्ण प्रयासका रूपमा हेरिएको छ ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

काँक्रेविहार राष्ट्रिय दैनिक

विविध

आइतवार, १३ मंसिर, २०८३
Sunday, 29 Nov 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

रास्वपाको क्यान्डिडेट क्लब समितिमा ६ सदस्य मनोनीत



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १२ मंसिर

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले क्यान्डिडेट क्लब समितिमा ६ सदस्य मनोनीत गरेको छ।

समितिका संयोजकको सिफारिसमा कविन्द्र बुर्लाकोटीको संयोजकत्वमा डा. नमिता यादव, सुलभ खरेल, हिमेश पन्त, शिव यादव र पारसमणि गेलाल सदस्य रहेको समिति मनोनीत गरिएको हो।

क्यान्डिडेट क्लब समितिको शुक्रवार बसेको बैठकमा आगामी स्थानीय तह निर्वाचनका लागि उम्मेदवार छनोट प्रक्रियालाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउने विषयमा छलफल भएको रास्वपाले जनाएको छ।

यस्तै, बैठकले उम्मेदवारका आकांक्षी तथा आवेदकबाट आवश्यक विवरण र कागजात संकलन गर्ने विधि तथा प्रक्रिया निर्धारण गर्ने विषयमा पनि छलफल गरेको थियो।

त्यस्तै, विभिन्न क्षेत्रका योग्य तथा सक्षम व्यक्तिहरूलाई पार्टीको उम्मेदवार छनोट प्रक्रियामा सहभागी गराउन ल्याटेरल इन्ट्री (बाह्य प्रवेश) सम्बन्धी आवेदन फारम तयार गर्ने विषयमा पनि छलफल भएको जनाइएको छ।

रास्वपाका अनुसार उम्मेदवार छनोट प्रक्रियालाई निष्पक्ष, पारदर्शी र विश्वसनीय बनाउन दाबी-विरोधसम्बन्धी फारम तथा प्रक्रिया तयार गर्ने विषयसमेत बैठकमा छलफल भएको थियो।

कांग्रेस देउवा समूहको १५औं महाधिवेशनको तयारी तीव्र

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १२ मंसिर

नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा समूहको १५औं केन्द्रीय महाधिवेशनको प्रचार प्रसार तथा सञ्चार व्यवस्थापनका लागि स्थापना गरिएको मिडिया सेन्टर शुभारम्भ गरिएको छ। प्रचार-प्रसार समितिका संयोजक एवम् समूहका प्रवक्ता डा. प्रकाशशरण महतले शनिवार मिडिया सेन्टरको उद्घाटन गरेका हुन्।

मिडिया सेन्टर शुभारम्भ गर्दै नेता महतले नेपाली कांग्रेसको नाम, झन्डा र रूख चुनाव चिह्न प्रयोग गर्न कसैले रोक्न नसक्ने दाबी गरे। १४औं महाधिवेशनबाट निर्वाचित कार्यसमिति नै आधिकारिक नेपाली कांग्रेस भएको जिकिर गर्दै उनले पार्टीको पहिचान र विरासतलाई कसैले खोस्न नसक्ने बताएका हुन्।

पार्टीभित्र देखिएको विवादका सन्दर्भमा बोल्दै महतले आफूहरू एकीकृत कांग्रेस निर्माणको पक्षमा रहेको उल्लेख गरे। सामाजिक सञ्जालको प्रभाव र विभिन्न भ्रमका कारण पार्टीबाट अलग भएका नेता तथा कार्यकर्तालाई पुनः मूलधारमा फर्किन उनले आग्रह गरेका हुन्।

'हामी आधिकारिक कांग्रेस हौं भनेर मैदानमा निस्किएका छौं। नेपाली कांग्रेसको रूख चिह्न प्रयोग गर्न कसैले रोक्न सक्दैन,' महतले भने, 'सामाजिक सञ्जालको प्रभावमा परेर बहकिनुभएका साथीहरूलाई पनि हामी स्वागत गर्छौं। हाम्रो उद्देश्य एकीकृत पार्टी निर्माण गर्नु हो।'

उनले महाधिवेशनमा सबै पदमा सर्वसम्मत नेतृत्व चयन गर्ने आफूहरूको चाहना रहेको पनि उनले बताए। पार्टीभित्र सहमति र एकताको वातावरण निर्माण गर्दै सकेसम्म सर्वसम्मत नेतृत्व चयन गर्न आफूहरू तयार रहेको उनको भनाइ थियो।

महतले पार्टीको संगठनात्मक एकता र समावेशी सहभागिता महाधिवेशनको प्राथमिकता हुनुपर्ने बताए। नेपाली कांग्रेसको देउवा पक्षले आगामी मंसिर २१ देखि २४ गतेसम्म काठमाडौंको खुलामञ्चमा १५औं महाधिवेशन आयोजना गर्ने तयारी गरेको छ। महाधिवेशनलाई व्यवस्थित र सफल बनाउन विभिन्न समिति तथा उपसमितिहरू गठन गरी तयारी अघि बढाइएको छ।

यसअघि महाधिवेशनको मूल तयारी समितिले प्रचार प्रसार समितिको संयोजकमा डा. महतलाई जिम्मेवारी दिएको थियो।

त्यस्तै, अतिथि सत्कार तथा समन्वय समितिको संयोजकमा एनपी साउद, प्रशासन समन्वय तथा स्वयम्सेवक परिचालन समितिमा मोहनबहादुर बस्नेत, सांस्कृतिक समितिमा विद्या तिमिल्सिना र स्वास्थ्य समितिमा डा. अमित कार्कीलाई जिम्मेवारी दिइएको छ।

१५ कट्ठाको तलाउमा सिंगाडा खेती, सिजनमै चार लाख आम्दानी

❐ काँक्रेविहार संवाददाता
बाँके, १२ मंसिर

बाँकेको जानकी गाउँपालिका-२ नेवाजीगाउँका किसान प्रेम कश्यपलाई यतिबेला गाउँकै तलाउमा सिंगाडा (फानी फल) टिप्न र बेच्न भ्याइनभ्याइ छ।

केही दिनयता प्रेमको दिनचर्या बदलिएको छ। उनले हिजोआज बिहानै ताउमा सिंगाडा टिप्न पुग्ने र दिनभर बिक्री वितरण गर्ने कार्यमा व्यस्त छन्। परम्परागत सिंगाडाखेतीलाई व्यावसायिक रूप दिएर कश्यपले एकै सिजनमा करिब रू. चार लाख आम्दानी गर्दै उदाहरणीय किसानको पहिचानसमेत बनाएका छन्।

वार्षिक रू. २० हजार तिर्ने गरी गाउँपालिकासँग १५ कट्ठाभन्दा बढी क्षेत्रफलको तलाउ भाडामा लिएर कश्यपले वर्षौंदेखि सिंगाडाखेती गर्दै आएको छ। अन्य अन्नबालीको तुलनामा कम लगानी र थोरै मिहिनेतमा राम्रो प्रतिफल पाइने भएकाले यस पेसाप्रति आकर्षित भएको प्रेमले बताए।

'अहिले सिंगाडाको सिजन हो, सिजनभर ६० क्विन्टलभन्दा बढी सिंगाडा बिक्री गर्छु,' कश्यपले भने, 'प्रतिक्विन्टल रू. ६ हजारका दरले गाउँबाटै बिक्री भइरहेको छ, व्यापारीहरू खोज्दै गाउँमै आउने भएकाले बजारको कुनै चिन्ता छैन।'

कश्यपका लागि सिंगाडाखेती केवल व्यवसाय मात्र होइन, पुख्यौंली विरासत पनि हो। बाउबाजेका पालादेखि चल्दै आएको यही पेशाले उनको आठ जनाको परिवारको जीविकोपार्जन धानेको छ। सिजन सुरु भएसँगै कश्यप परिवारलाई बिहानदेखि साँझसम्म तलाउबाट सिंगाडा टिप्न, सफा गर्न र तौलेर व्यापारीलाई बुझाउन भ्याइनभ्याइ हुन्छ। माग अत्यधिक भएका बेला उनले चार-पाँच जना ज्यालादारी मजदुरसमेत लगाएर सिंगाडा टिप्ने गरेका छन्।

असार महिनामा तलाउको पानीमा बीउ रोपेपछि कार्तिक र मङ्सिर महिनामा सिंगाडा टिप्न तयार हुन्छ। एकपटक रोपेपछि सिजनभर तीन पटकसम्म फल टिप्न मिल्ने कश्यपको अनुभव छ। 'सिंगाडाको बीउ असार महिनातिर पानीमा हाल्छौं, कार्तिक-मंसिर महिनामा उत्पादन हुन्छ, अन्य बालीलाई जस्तो धेरै दुःख, मिहिनेत र लगानी गर्नुपर्दैन', कश्यपले भने, 'रोपेपछि दुई/तीन पटकसम्म आवश्यकताअनुसार किराबाट जोगाउन विषादी हाल्छौं, भिटामिन पनि हाल्छौं, अनि उत्पादन राम्रो हुन्छ।'

चाडपर्व र मेलामा अत्यधिक माग

बाँकेका विभिन्न तलाउ तथा पोखरीहरूमा सिंगाडाखेती हुने गर्छ। बाह्रै महिना नपाइने भएकाले कार्तिक-मंसिरको सिजनमा यसको माग उच्च रहन्छ। विशेषगरी चाडपर्व, व्रत र स्थानीय मेलाहरूमा सिंगाडाको खपत ह्वात्तै बढ्ने गर्छ।

व्रत बस्नेहरूले सिंगाडालाई उसिनेर, पिसेर हलुवा बनाई खाने तथा तरकारीका रूपमा समेत प्रयोग गर्ने भएकाले उपभोक्ताको रोजाइमा पर्ने गरेको छ। यस वर्षको कार्तिक पूर्णिमा मेलामा मात्रै ठूलो परिमाणमा सिंगाडा खपत भएको कश्यपले बताए। नेपालगञ्जका खुद्रा व्यापारीहरू ताजा सिंगाडा किन्न सिधै नेवाजीगाउँ पुग्ने गरेका छन्।

उत्पादन र स्थानीय बजार राम्रो भए पनि भारतबाट अवैध रूपमा भित्रिने सिंगाडाले कहिलेकाहीं स्थानीय किसानलाई मर्कामा पार्ने गरेको छ। भन्सार छली चोरीको बाटो हुँदै भित्रिने भारतीय सिंगाडा नेपालगञ्ज बजारमा सस्तो दरमा बिक्री हुन थालेपछि आफूहरूले पनि बाध्य भएर मूल्य घटाउनुपर्ने अवस्था आउने गरेको कश्यपको गुनासो छ। सीमा नाकामा कडाइ गरी स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्न सके गाउँकै तलाउबाट अझै बढी आम्दानी गर्न सकिने उनको विश्वास छ।

आर्मी...

पछ्याएको कोशी १६.३ ओभरमा ९५ रनमै अलआउट भयो। कोशीका फिरदोस अन्सारीले २१ रन बनाए। लगातार दोस्रो हार व्यहोरेसँगै कोशी प्रतियोगिताबाट बाहिरिने पहिलो क्रिकेट टोली बनेको छ। बागमतीले बनाएको १७९ रन प्रतियोगितामा हालसम्मको उच्च योगफल रहेको छ।

अर्को खेलमा गण्डकी प्रदेशले एनआरएनएलाई पाँच विकेटले पराजित गर्दै प्रतियोगितामा पहिलो जित निकालेको छ। पहिले ब्याटिङ गरेको एनआरएनएले १९.२ ओभरमा सबै विकेट गुमाउँदै १२५ रन बनाएको थियो। उसका पवन खरेलले सर्वाधिक ३२ रन बनाए। जवाफमा गण्डकीले १४.३ ओभरमा पाँच विकेट गुमाएर लक्ष्य पूरा गऱ्यो। गण्डकीका ईश्वर क्षेत्रीले ३२ र अविजित वंश क्षेत्रीले २९ रन बनाए। पहिलो खेलमा मधेश प्रदेशसँग पराजित भएको गण्डकीले दोस्रो खेलमा जितसँगै दुई अंक जोडेको छ।

महिला क्रिकेटतर्फ लिग चरणका खेल सम्पन्न भएका छन्। अन्तिम खेलमा गण्डकी प्रदेशलाई पराजित गर्दै सुदूरपश्चिम प्रदेश सेमिफाइनलमा प्रवेश गरेको छ। सुदूरपश्चिम, गण्डकी, मधेश र कोशीले समान दुई-दुई अंक प्राप्त गरे पनि रनरेटका आधारमा सुदूरपश्चिमले अन्तिम चारमा स्थान बनाएको हो। यसअघि त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब र बागमती प्रदेश सेमिफाइनलमा पुगिसकेका थिए।

महिला क्रिकेटमा गण्डकीले पहिले ब्याटिङ गर्दै पाँच विकेट गुमाएर ११७ रन बनाएको थियो। उसका लागि सिमाना केसीले ४० र सम्झना पौडेलले अविजित ३८ रन बनाइन्। जवाफमा सुदूरपश्चिमले अनु कडायतको महत्त्वपूर्ण ब्याटिङको मद्दतमा जित हासिल गऱ्यो। अनुले ३३ बलमा दुई छक्का र सात चौकासहित रन बनाइन्।

यसैबीच, फुलकन्ट्याक्ट कराते प्रतियोगिताका विभिन्न तौल समूह तथा काता विधाका प्रारम्भिक चरणका खेल सम्पन्न भएका छन्। प्रतियोगितामा महिला तथा पुरुषतर्फ गरी ९६ खेलाडी क्वाटरफाइनलमा प्रवेश गरेका छन्। तीमध्ये महिलातर्फ ४० र पुरुषतर्फ ५६ खेलाडी रहेका छन्। कातातर्फ महिला र पुरुष दुवै विधामा चार-चार जना खेलाडी सेमिफाइनलमा पुगेका छन्।

दशौं राष्ट्रिय खेलकुदको प्रचारप्रसारलाई तीव्रता दिने उद्देश्यले सुरु गरिएको ट्रफी तथा ओलम्पिक टर्च टुर शनिवार जुम्ला पुगेको छ। म्याराथन धावक हरिबहादुर रोकायको नेतृत्वमा ओलम्पियन तथा राष्ट्रिय खेलाडीहरूको टोलीले ट्रफी र टर्च चन्दननाथ मन्दिर पुऱ्याएको हो। शुक्रवार दैलेखको श्रीस्थानस्थित अखण्ड ज्वालाबाट ओलम्पिक टर्च प्रज्वलन गरी सुरु गरिएको टुर जुम्ला बजार परिक्रमा गर्दै चन्दननाथ मन्दिर पुगेको थियो। त्यसपछि ट्रफी र टर्च प्रतियोगिताको मुख्य खेलस्थल सुर्खेत फर्किनेछ।

यता, प्रतियोगिताको तयारीलाई लक्षित गर्दै वीरेन्द्रनगर नगरपालिकाले सरसफाइ अभियान सञ्चालन गरेको छ। नगरपालिकाको आयोजनामा शनिवार बिहान सुरु भएको अभियानमा कर्णाली प्रदेशका मुख्यमन्त्री मंगलबहादुर शाही, सामाजिक विकासमन्त्री जीतबहादुर मल्ल, कृषि मन्त्री जुम्कित लामा, नगरप्रमुख मोहनमाया ढकाललगायतको सहभागिता थियो। अभियानअन्तर्गत सडक, सार्वजनिक स्थल तथा खेलकुद आयोजना हुने क्षेत्रको सरसफाइ, सडकका खाल्डाखुल्डी पुर्ने र सडक किनारमा रोपिएका बिरुवामा पानी हाल्ने काम गरिएको नगरपालिकाले जनाएको छ।

आइतवार पुरुष फुटबलतर्फ त्रिभुवन आर्मी क्लब र कोशी प्रदेश तथा बागमती प्रदेश र लुम्बिनी प्रदेशबीच प्रतिस्पर्धा हुनेछ। यी खेलका विजेता टोली सेमिफाइनलमा प्रवेश गर्नेछन्। महिला बास्केटबलका दुवै विधाका फाइनल खेल पनि आइतवार नै हुनेछन्।





काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००,
Email : ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)